# पूर्वप्राथमिक/प्रारम्भिक बालविकास र शिक्षाका सिकाइसामग्री (पाठ्यसामग्री) विकासका आधारहरू

## १. सिकाइसामग्रीले समेटनु पर्ने सिकाइ सक्षमता

पूर्वप्राथमिक/प्रारम्भिक बालविकास र शिक्षाका लागि सिकाइसामग्री विकास गर्दा प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ ले निर्धारण गरेका निम्नानुसारका सक्षमता पुरा गर्ने हुनुपर्दछ :

(क) अभिव्यक्ति तथा सञ्चारका लागि भाषाको उपयोग

(ख) पोषणयुक्त खाद्यपरिकारको पहिचान र दैनिक रूपमा उपयोग

(ग) स्वस्थकर बानी तथा असल सामाजिक व्यवहारको अनुसरण र आवश्यकतानुसार नमुना प्रदर्शन

(घ) वैयक्तिक सुरक्षाका उपाय अवलम्बन

(ङ) दैनिक व्यवहारका कार्य सम्पादनका क्रममा विषयगत सिकाइ र सिर्जनात्मक सोचको प्रयोग

(च) सर्वाङ्गीण विकासका क्रिmयाकलापमा संलग्नता र तिनमा आधारभूत सिपको प्रयोग

## २. सिकाइसामग्रीमा समेटिनुपर्ने विषयवस्तु र विषयगत क्षेत्र

### ५.१. मूख्य सिकाइ क्षेत्र र सिकाइ क्षेत्र

सिकाइसामग्री विकास गर्दा प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ मा समावेश भएका तपसिलबमोजिमका मूख्य सिकाइ क्षेत्र र सिकाइ क्षेत्र समेट्नु पर्नेछ ।

| क्र.सं. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्र |
|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र (६ ओटा) | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप |
| २ | विषयगत सिप सिकाइका क्षेत्र (५ओटा) | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वातावरण विज्ञान<br>(ङ) सामाजिक अध्ययन |

(क) उपर्युक्त तालिकाबाहेक स्थानीय विषयवस्तुअन्तर्गत स्थानीय तहमा प्रचलित मनोरञ्जनात्मक क्रियाकलाप, खेल, बालगीत, विभिन्न कथा, चालचलनको भूमिका अभिनय र आरामका अभ्यासहरू वा अन्य स्थानीय विशिष्ट अभ्यासहरू, प्रचलन वा रोचक प्रसङ्गलगायतका विषयक्षेत्र समेट्न सकिनेछ ।

(ख) विषयगत सिकाइका क्षेत्रहरू अन्तर्गतका विषयवस्तुको सिकाइ क्रियाकलाप अलग्गै विषयका रूपमा नभई आधारभूत सिपका क्षेत्रसँग एकीकृत रूपमा समावेस गर्नुपर्नेछ।

## २.२. आधारभूत सिप सिकाइ क्षेत्रका विस्तृतीकरण

विषयगत सिप सिकाइ क्रियाकलाप निर्माण गर्दा आधारभूत सिप सिकाइका क्षेत्रहरूलाई समेटेर तयार गर्नु पर्नेछ।

### (क) शारीरिक सिप

१. शरीर सम्बन्धी ज्ञान, शारीरिक सुसङ्गठन, चालबाट अभिव्यक्ति, हिँडाइ र चाल, शरीर सन्तुलनका क्रियाकलाप/अभ्यासहरू समेटेको हुनुपर्दछ ।

२. म र मेरो शरीर अन्तर्गत शरीरका अङ्गहरूको नाम, चित्र पहिचानका साथै शरीरका अङ्गहरूको नामको पहिलो अक्षर, गन्ति, सुरक्षा, संरक्षणका साथै महत्व बुझ्ने खालका सम्बन्धित क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ ।

### (ख) संवेगात्मक सिप

१. बिषयवस्तु अनुसारका गीत, कथा तथा अभिनयको माध्यमबाट संवेग प्रस्तुत र संवेगको सन्तुलन (हाँसो, खुशी, भय, स्नेह, रिसराग), हाउभाउ, अभिनय गर्नसक्ने क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ ।

### (ग) सामाजिक, सास्कृतिक र नैतिक सिप

१. शिष्टाचार र सामाजिकरण, नित्यकर्म, साथीसँगको सम्बन्ध र अन्य कर्म, सांस्कृतिक र धार्मिक सहिष्णुता र कदर, दायित्व बोध हुने क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ।

२. विषयवस्तु चाडबाड, उत्सब अनुसार सबै धर्मलाई समेट्ने कुनै पनि विवाद रहित क्रियाकलाप/अभ्यासहरू, चित्रको छनौट भएको हुनुपर्छ ।

३. स्थानीय जात, धर्म, संस्कार, संस्कृति अनुसारको चाडपर्व, उत्सवलाई प्राथमिकता दिई क्रियाकलाप/अभ्यासहरू राखिएको हुनुपर्दछ ।

४. सामग्रीले सबै धर्मलाई समान आस्था, आदर, र कदर गरेको हुनुपर्दछ ।

५. विभिन्न धर्मावलम्बीहरूले मनाउने विषेश पर्वहरूको चिनारी समावेस भएको हुनुपर्दछ।

### (घ) बौद्धिक तथा मानसिक सिप

१. सोचाइको प्रक्रिया, स्मरण, धारणा, समस्या समाधान, मानसिक अभिवृत्ति, बौद्धिक कार्यको नियन्त्रण, ध्यानपूर्वकको सुनाइ, एकाग्रता र धैर्यतालाई समेट्ने क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ ।

२. सिकाइसामग्रीले पाठ्यक्रमका सबै मुख्य विषयवस्तुहरूका अवधारणालाई समेट्नुपर्दछ। जस्तै समान र फरकको धारणा, वर्गिकरण (Classification), क्रमिक (Sequence), ढाँचा (Pattern), कारण र असर (Cause and Effect), समस्या समाधान (Problem Solving), स्मरण (Memory), ज्ञानेन्द्रिय सिपहरू (हेरेर, छोएर, स्वाद, श्रवण, स्पर्स, ध्वनि) द्वारा धारणा विकास हुन, ठीक बेठीक, सही गलत, राम्रो नराम्रो, छुट्याउन सक्ने क्रियाकलाप/ अभ्यासहरू हुनुपर्दछ ।



नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

(ङ) **स्वाथ्य, पोषण, सुरक्षा र वातावरण सिप**

१. शरीर, स्वास्थ्य सुरक्षा, स्वस्थ्य सेवा, औषधी उपचार, पोषण र वातावरण सम्बन्धी पहिचान, विश्लेषणका साथ सजग र सचेत हुने क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ ।

२. म र मेरो शरीर, परिवार, घर, खाना, फलफूल, सफाई, सुरक्षा जस्ता विषयवस्तु समावेश गरिएका क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ ।

३. कोभिडका साथै बिभिन्न रोगहरूबाट बाँच्न आवश्यक पुर्वधारहरूको जानकारी भएका क्रियाकलाप/अभ्यासहरू हुनुपर्दछ। घर, विद्यालय/केन्द्रमा हुनसक्ने खतरा र दुर्घटनाबाट बच्ने खालका क्रियाकलाप/अभ्यासहरू समेट्नु पर्दछ ।

४. मौसम अनुसारको खाना, फलफूलका साथै लगाउने लुगाहरूको जानकारी भएका क्रियाकलाप/अभ्यासहरू राखिएको हुनुपर्दछ ।

५. रोग लाग्दा आवश्यक औषधी उपचार, स्वस्थ्य केन्द्र, डाक्टर, नर्ससम्बन्धी जानकारी गराउने क्रियाकलाप/अभ्यासहरू राखिएको हुनुपर्दछ ।

६. घर र विद्यालयको वातावरण सफा र सुरक्षित राख्न गर्नुपर्ने काम, कर्तव्यसम्बन्धी जानकारी भएका क्रियाकलाप/अभ्यासहरू राखिएको हुनुपर्दछ ।

७. घर वरपर, बाहिर र विद्यालय तथा कक्षाकोठा भित्र र बाहिर सुरक्षालाई मध्यनजर राखी क्रियाकलाप राखिनुपर्दछ ।

(च) **सृजनात्मक सिप**

१. चित्र लेखन, माटो, पिठोको काम, बालुवा, च्यात्ने, काट्ने, टाँस्ने, रङ्ग, पेन्टिङ, सङ्गीत सुनाइ, गायन र नृत्य सम्बन्धी क्रियाकलाप/अभ्यासहरू राखिएको हुनुपर्दछ ।

२. रङ्ग लगाउने, चित्र कोर्ने, पेन्टिङ् गर्ने, बालुवा खेल, पानी खेल, जस्ता विभिन्न सृजनात्मक सिपका क्रियाकलाप/अभ्यासहरू राखिएको हुनुपर्दछ ।

## २.३. विषयगत सिप सिकाइ क्षेत्रको विस्तृतीकरण

(क) **भाषिक सिप (शारीरिक सिप ,संवेगात्मक सिप, बौद्धिक तथा मानसिक सिप, सिर्जनात्मक सिप)**

१. **शब्द भण्डार** : उमेर अनुसारका उपयुक्त शब्दावलीको प्रयोग जसले विद्यार्थीहरू नयाँ शब्द र अवधारणाहरूसँग परिचित हुन सकुन् ।

२. **भाषिक संरचनाहरू** : विद्यार्थीहरूको लागि उमेर उपयुक्त सरल र स्पष्ट भाषिक संरचनाहरू समावेश गरिएको जस्तै बहुवचन, सर्वनाम र उपसर्गहरू, शब्दहरूको कालअनुसार प्रयोग, २–५ शब्दहरूको वाक्य, सानो सानो वाक्यहरूको संवाद समावेश गरिएको ।

३. **कथा कथन** : चाखलाग्दो र क्रमिक चित्र कथाको प्रयोग जसले विद्यार्थीहरूको ध्यान केन्द्रित होस्, कुरा बुझ्नु र संवेग अभिव्यक्त गर्न प्रोत्साहित गरोस् ।

४. **ध्वनि सचेतता (उच्चारण)** : आवाजहरूप्रति बालबालिकाको संवेदनशीलता विकास गर्नका लागि कविताहरू, अनुकरणहरू र शब्दहरू (कमल, कलम, मकल अक्षरको अवस्थिति) समावेश गरिएको ।

५. **छापा सचेतता :** आधारभूत छापाको अवधारणाहरू प्रस्तुति, जस्तैस् बायाँबाट दायाँ र माथिदेखि तल पढ्ने क्रियाकलापहरू ।

६. **पूर्व लेखन अभ्यासहरू :** लेखाइका पूर्वाधारहरू, जस्तैस् सिधा, छड्के र वक्ररेखा निर्माण, थोप्लाहरू जोडी आकृति निर्माण, अनुलेखन आदि समावेश गरिएको ।

**(ख) पूर्वगणितीय सिप (शारीरिक सिप, बौद्धिक तथा मानसिक सिप, सिर्जनात्मक सिप)**

१. **सङ्ख्या र समूहको ज्ञानः** गन्ति क्रियाकलाप, सङ्ख्या पहिचान, र आधारभूत गणितीय अवधारणाहरू जस्तैस् धेरै थोरै समावेश गरिएको ।

२. **मापन र तुलना :** सरल शब्दहरू, जस्तैस् ठूलो सानो प्रयोग गरेर वस्तुहरू तुलना गर्ने र नाप्ने अवसरहरू प्रदान गरिएको । दैनिक क्रियाकलाप, दिन, मिति र बार समावेश गरिएको ।

३. **आकारहरू र स्थानीय सचेतता :** विभिन्न आकारहरू, स्थानीय शब्दावली जस्तैस् माथि, तल, आकार र स्थिति जस्ता अवधारणाहरू परिचय गराएको ।

४. **ढाँचा र अनुक्रम :** ढाँचाहरू, अनुक्रमहरू र पुनरावृत्तिहरू प्रस्तुत गरिनुपर्दछ ताकि क्रम र अवस्थितिको जानकारी गर्न सकियोस् ।

**(ग) सिर्जनात्मक अभिव्यक्ति (शारीरिक सिप, संवेगात्मक सिप, सामाजिक, सांस्कृतिक र नैतिक सिप, बौद्धिक तथा मानसिक सिप, सिर्जनात्मक सिप )**

१. **कलात्मक अन्वेषण :** चित्रकला, कोलाज र कल्पनाशील खेल, माटो, पिठो तथा बालुवाको काम, काटने, च्यात्ने र टाँस्ने जस्ता विभिन्न कलाका प्रकारहरू अन्वेषण गर्न प्रेरित गरोस्।

२. **सङ्गीत, ताल र चाल :** आत्म अभिव्यक्ति र शरीर सचेततालाई प्रोत्साहित गर्ने सङ्गीत, गायन ताल र चालका गतिविधिहरू समावेश गरिएको ।

३. **कथा कथन र नाटक :** सिर्जनात्मकता र सञ्चार सिप बढाउन कथा कथन, भूमिका खेल्ने र नाटकीकरणमा संलग्न हुन प्रोत्साहित गरिएको ।

**(घ) वातावरण विज्ञान (शारीरिक सिप, बौद्धिक तथा मानसिक सिप, स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप)**

१. **अवलोकन र अन्वेषण :** पुस्तकहरूले विद्यार्थीहरूलाई प्राकृतिक संसार, जस्तै बोटबिरुवा, जनावरहरू र तिनीहरूको वरिपरिको वातावरण अवलोकन गर्न र अन्वेषण गर्न प्रोत्साहन गरोस् ।

२. **कारण र प्रभाव :** कारण र प्रभावको सम्बन्धलाई प्रष्ट गरिएको र आधारभूत वैज्ञानिक अवधारणाहरू जस्तै, पानी वाष्पीकरण, बिरुवाहरू बढ्ने र मौसम र शक्ति, पोषण र सुरक्षाको परिचय समावेश गरिएका किंयाकलापहरू भएको ।

३. **सोधपुछ र अनुसन्धान :** प्रश्नहरू सोधन, भविष्यवाणी गर्न र साधारण प्रयोगहरू वा परियोजनाहरू जस्तै वस्तु (औजार, मेसीन), जनावरहरू, यातायात र सञ्चारका साधनहरूलाई बनोट, आकार, प्रकार र



नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बासस्थानको आधारमा छुट्याउन, वर्गीकरण गर्न वा समुह गर्नमा संलग्न हुन प्रेरित गर्ने क्रियाकलापहरू समावेश गरिएको ।

४. **वातावरणीय सचेतता** : उमेर उपयुक्त विषयवस्तुहरू मार्फत् वातावरण, संरक्षणका लागि प्रयास गरिएको, बोट बिरुवा रोप्ने, पानी हाल्ने आदि ।

(ङ) **सामाजिक अध्ययन (शारीरिक सिप, संवेगात्मक सिप, सामाजिक, सांस्कृतिक र नैतिक सिप, बौद्धिक तथा मानसिक सिप, सिर्जनात्मक सिप)**

१. **स्वधारणा र पहिचान** : विद्यार्थी आफ्नो र आफ्नो परिवारको बारेमा भन्न, आफ्ना अनुभव र घटनाहरू सम्बन्धमा बताउन, आत्मस्वीकृत नियमको पालना, खराब बानीको परित्याग गरी राम्रा बानीको विकास गर्ने खालका क्रियाकलापहरू भएको ।

२. **सांस्कृतिक अभिव्यक्ति** : विविध सांस्कृतिक परम्पराहरू, चालचलनहरू, वेषभूषा, खानपान, चाडपर्व विविधतालाई (अपाङ्गता लगायत) समावेश गरिने खालका क्रिmयाकलापहरू भएको ।

३. **सामाजिक सिपहरू** : सकारात्मक सामाजिक अन्तरक्रिया, सहयोग, समानुभूति र अरूप्रति सम्मान, सदभाव र मेलमिलाप बढाउने क्रियाकलापहरू समावेश गरिएको ।

४. **संवेगात्मक साक्षरता** : संवेगहरूको दायरालाई सम्बोधन गर्ने क्रियाकलापहरू जसले बालबाकिाहरूलाई आफना संवेगहरूको पहिचान गर्न र अभिव्यक्त गर्न मद्दत मिलोस्।

५. **विवाद समाधानः** बालबालिकाका सानातिना विवाद समाधान गर्न र समाधान खोज्नका लागि उदाहरण र रणनीतिहरू प्रदान गर्ने खालका क्रिmयाकलापहरू समावेश गरिनुपर्दछ जसले स्वालम्बन सिप, नेतृत्व लिन र अरुको नेतृत्वको कदर गर्न सिक्ने अवसर प्रदान गरोस् ।

## ३. सिकाइसामग्रीमा हुनुपर्ने आधारभुत कुराहरू

(१) प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७ मा आधारित हुनुपर्ने छ।

(२) प्रारम्भिक सिकाइ विकास मापदण्ड (Early Learning Development Standard - ELDS) मा आधारित हुनुपर्ने छ।

(३) समेटिएका क्रियाकलाप/अभ्यासहरू पूर्वप्राथमिक/प्रारम्भिक बालविकास तथा शिक्षाको सक्षमतालाई पुरा गर्न सक्ने।

(४) सिप सिकाइका विषयक्षेत्रहरू एकीकृत ढाँचामा समेटेर विकास गरिनुपर्ने र यसका क्रियाकलापहरू कक्षा एकको पाठ्यसामग्रीसँग पुल (Bridge) को रुपमा काम गर्ने गरी विकास भएको हुनुपर्ने।

(५) सिकाइसामग्री विकास गर्दा ठोसवस्तु समेत उपयोग हुनेगरी स्पष्ट र ठुला खालका चित्रात्मक तथा रमाइला क्रियाकलापमा आधारित

(६) क्रियाकलापले पढाइ र लेखाइलाई भन्दा सुनाई र बोलाईलाई बढी प्राथमिकता दिइएको हुनपर्ने।

(७) बालबालिकाहरूका लागि दिइएका निर्देशनहरू सरल र स्पष्ट बुझिने खालका हुनुपर्ने।

(८) क्रियाकलाप र अभ्यास उमेरअनुसार सरलबाट जटिलतर्फ हुनेगरी प्रस्तुत गरिएको हुनुपर्ने।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

(९) बालबालिकाको संवेगात्मक पक्षलाई ख्याल गरी खेल तथा मनोरन्जनात्मक क्रियाकलापहरूलाई बढी प्राथमिकता दिने ।

## ४. सिकाइसामग्रीको विकास गर्दा अपनाउनु पर्ने विधि

**४.१. भाषा तथा शब्दको चयन :**

सिकाइसामग्रीको विकास गर्दा नेपाली, अङ्ग्रेजी, मातृभाषा वा मिश्रित रुपमा भाषा छनौट गर्न सकिने छ । उमेर सुहाउँदा छोटा र उपयुक्त शव्द र वाक्य चयन गर्नुपर्नेछ ।

**४.२. अक्षरको साइज :**

अङ्ग्रेजी टाइपमा Century Gothic, Arial वा Time New Roman फन्टको प्रयोग गर्दा अक्षर साइज कम्तिमा पनि ३६ र नेपाली अक्षर युनिकोडमा मङ्गल र कालिमाटी भए कम्तिमा ३२ र प्रिति, कान्तिपुर वा कोकिला फन्ट भए कम्तिमा ३६ साइजको हुनु पर्नेछ । उमेरलाई मध्यनजर गरी ठूलो फन्टसाइज भएमा बढी उत्तम हुन्छ तर गणित विषयका सम्बन्धमा चित्र, अक्षर र अङ्कसमेतलाई दृष्टिगत गरी अक्षरको साइज फरक हुन सक्ने छ ।

**४.३. पृष्ठ सङ्ख्या :**

सामान्यतया प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको हकमा सिकाइसामग्रीहरूमा ठूला बालबालिकाका लागि प्रयोग हुने पाठ्यपुस्तकको तुलनामा कम पृष्ठ राख्न उपयुक्त हुन्छ । एक विषयक्षेत्र (Theme) का लागि बढीमा ४० पेजसम्म हुनेगरी र सबै विषयक्षेत्र समेटीएका एकीकृतरुपमा बढीमा १५० पेजसम्म मात्र राखिनु पर्दछ तर यो सङ्ख्या विशेष शैक्षिक उद्देश्यहरू, पाठ्यक्रमको आवश्यकताहरू र प्रकाशक प्राथमिकताहरूको आधारमा १० देखि २० प्रतिशतसम्म फरक हुन सक्नेछ। यस्ता सामग्री खासगरी आधारभूत अवधारणा दिन, प्रारम्भिक साक्षरता प्रवर्धन गर्न र अन्तरक्रियात्मक गतिविधिहरू मार्फत् बालबालिकाहरूलाई संलग्न गराउनमा केन्द्रित हुन्छन् ।

**४.४.सिकाइसामग्रीको आकार :** सिकाइसामग्रीको आकार A4 साइजमा हुनुपर्नेछ ।

**४.५. सिकाइसमाग्रीको सर्वाधिक पृष्ठ :**

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेबमोजिम मूल्य कायम गरी सिकाइसामग्रीको सर्वाधिक पृष्ठमा सिकाइसामग्रीको मूल्य, स्वीकृत लगेको पहिलो वर्षबाट संस्करण वर्ष, मुद्रण प्रति अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर